# भगवतीमाईगाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
वेस्तडा, दैलेख, कर्णाली प्रदेश, नेपाल

भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पगनाथ, दैलेख कर्णाली प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति : (२०७९/०२/१९ गते)

१. यस कार्यालयको आर्थिक वर्ष २०७८/०७९को स्वीकृत वार्षिक कार्यक्रमअनुसार देहायमा उल्लेखित निर्माण कार्यहरु शिलबन्दी दरभाउपत्रको माध्यमवाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुवाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वकको E –bid or Hard copy मार्फत शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

२. सुचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ सम्म कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्वन्धी कागजात सहितको प्रतिलिपिहरु संलग्न साथ तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) बुझाई विद्युतिय संचारको माध्ययमवाट सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई बोलपत्र फारामDownload गरि E –biding द्वारा शिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्नेछ।

३. शिलबन्दी दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय वमोजिमको कार्यको लागि निम्नानुसारको धरौटी रकम वापत शिलबन्दी दरभाउपत्र साथ कम्तिमा ७५ दिन म्याद भएको जमानीपत्र (विड वण्ड) वा यस कार्यालयको नाममा प्रभु बैंक भगवतीमाई शाखामा रहेको धरौटीखाता नं. ग ३.१ १५१०१०९३२८८०००४१ धरौटी वापतको रकम जम्मा गरेको बैङ्क भौचर Scan copy समेत बोलपत्र साथ पेश गरी E –biding or Hard copy द्वारा यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। थप जानकारीको लागी आवश्यक भएमा कार्यालय समयमा यस कार्यालयको पुर्वाधार शाखामा सम्पर्क राख्न सकिनेछ। शिलबन्दी दरभाउपत्रको साथ तल तोकिएको शिलबन्दी दरभाउपत्र दस्तुर वापतको रकम यस कार्यालयको प्रभु बैंकको शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग १.१ १५१०१०९३२८८०००११ मा जम्मा गरेकोबैङ्क भौचरकोScan copy समेत शिलबन्दी दरभाउपत्रको साथ पेश गर्नुपर्नेछ यस कार्यालयवाट हार्ड कपी खरिद गरेमा यस कार्यालयको राजश्व शाखामा रकम जम्मा गर्नुपर्ने छ। शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्दा वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैङ्क भौचर वा घटीमा सम्झौता म्याद समाप्त हुने मितिले १३ महिना (३९० दिन) म्याद भएको कार्य सम्पादन बैङ्क जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

४. प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिन दिनको १२.०० वजे भित्र E –biding or Hard copy द्वारा शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्ने छ। शिलबन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ।

५. दर्ता भएको शिलबन्दी दरभाउपत्र १६ औं दिनको २.०० वजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। शिलवन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. शिलबन्दी दरभाउपत्रको दररेट आइटममा अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

७. संयुक्त उपकम (Joint Venture) को रुपमा शिलबन्दी दरभाउपत्रको खरिद वा दाखिला गर्दा वढीमा ३ वटा फर्महरुको एउटा संयुक्त उपकम बनाई शिलबन्दी दरभाउपत्र ` खरिद वा दाखिला गर्न सकिने छ। तर यस्तो संयुक्त उपकममा सवै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्वन्धी सक्कलै सम्झौता बोलपत्र साथ पेश गर्नुपर्नेछ। यसरी संयूक्त उपकममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मूख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा वढि हुनुपर्नेछ र संयुक्त उपकममा समावेश भएका फर्महरुले अर्को छुट्टै शिलबन्दी दरभाउपत्र खरिद र दाखिला गर्न पाईने छैन।

८. शिलबन्दी दरभाउपत्रदाताले E- Biddding वाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रकृयावाटै गर्नुपर्ने छ।

९. E- Biddding मार्फत शिलबन्दी दरभाउपत्र पेश गर्ने शिलबन्दी दरभाउपत्रकदाताहरुको कार्यालयबाट शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कागजातको सक्कलप्रति (HARD COPY)माग भएमा यस कार्यालयमा पेश गर्नुपर्ने छ।

१०. शिलबन्दी दरभाउपत्र पेश गर्ने निर्माण व्यवसायीले लेटर अफ विड अनिवार्य रुपमा भर्नु पर्ने छ र आफु यो काम गर्न योग्य छु भनि स्वःघोषणा पत्र अनिवार्यरुपमा पेश गर्नु पर्नेछ।

११. शिलबन्दी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१२. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र भगवतिमाई सार्वजनिक खरिद नियमावली २०७८, संशोधन सहित र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ

१३. अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ।

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम( भ्याट र कन्टीन्जेन्सी वाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| BRM/RCW/SQ/14/ 078/079 | जिरो पोइन्ट-वडा कार्यालयसडक निर्माण कार्य पार्ट १ | १२८०७८८ | १०००.०० | ४२०००.० |
| BRM/RCW/SQ/15/ 078/079 | जिरो पोइन्ट-वडा कार्यालयसडक निर्माण कार्य पार्ट २ | १२८१५८४ | १०००.०० | ४२०००.० |
| BRM/ RCW/SQ/16/ 2078/079 | ढाँणगाउँ-मेली-साले बजेडा-देउली सडक निर्माण कार्य पार्ट १ | १२९१८२८ | १०००.०० | ४५०००.० |
| BRM/ RCW/SQ/17/ 2078/079 | ढाँणगाउँ-मेली-साले बजेडा-देउली सडक निर्माण कार्य पार्ट २ | १२८५३६१ | १०००.०० | ४२५००.० |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner